आज मिति २०७७ साल चैत्र २४ गते मंगलबार बिहान ११:०० बजे गाउँपालिकाको सभाहलमा यस तीनपाटन गाउँपालिकाका अध्यक्ष श्री कर्ण बहादुर मगरको अध्यक्षतामा बसेको गाउँ कार्यपालिका बैठकमा देहाय बमोजिमको उपस्थितिमा तपसिलका प्रस्तावहरुमाथि छलफल गरी निर्णय गरियो ।

**–उपस्थिति–**

| सि.नं. | पदाधिकारीका नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री कर्ण बहादुर मगर | अध्यक्ष | |
| २. | श्री पदम माया तामाङ | उपाध्यक्ष | |
| ३. | श्री विष्णु प्रसाद सुवेदी | प्रमुख प्रशासकीय अधिकृत | |
| ४. | श्री गोबिन्द बहादुर राउत | कार्यपालिका सदस्य | |
| ५. | श्री हेम बहादुर श्रेष्ठ | कार्यपालिका सदस्य | — |
| ६. | श्री लाल बहादुर स्याङ्तान | कार्यपालिका सदस्य | |
| ७. | श्री खड्ग बहादुर भुजेल | कार्यपालिका सदस्य | |
| ८. | श्री दिनेश कुमार रमौली | कार्यपालिका सदस्य | |
| ९. | श्री वीर बहादुर पुलामी | कार्यपालिका सदस्य | — |
| १०. | श्री कोमल बहादुर खपाङ्गी | कार्यपालिका सदस्य | |
| ११. | श्री रेखराज अधिकारी | कार्यपालिका सदस्य | — |
| १२. | श्री शेर बहादुर मगर | कार्यपालिका सदस्य | — |
| १३. | श्री पुण्यहरि भुजेल | कार्यपालिका सदस्य | |
| १४. | श्री हितलाल श्रेष्ठ | कार्यपालिका सदस्य | |
| १५. | श्री जगदिश्वर तोलाङ्गी | कार्यपालिका सदस्य | |
| १६. | श्री दुधकुमारी ठकुरी | कार्यपालिका सदस्य | |
| १७. | श्री देवमाया श्रेष्ठ | कार्यपालिका सदस्य | देवमाया |
| १८. | श्री भगवति कुमारी श्रेष्ठ | कार्यपालिका सदस्य | |
| १९. | श्री गीतामाया थापा | कार्यपालिका सदस्य | गीता |
| २०. | श्री टेक बहादुर परियार | कार्यपालिका सदस्य | — |

सहजकर्ता: श्री जितेन्द्र गिरी

कार्यालय सहयोगी: पदम ब. तामाङ

कार्यालय सहयोगी: तारानाथ अधिकारी

## मिति २०७७ चैत्र २४ गतें मंगलबार बसेको गाउँ कार्यपालिका बैठकको निर्णयहरुः

| क्र.सं. | प्रस्तावहरु | निर्णयहरु |
|---|---|---|
| १. | गत बैठकको समीक्षा सम्बन्धमा । | मिति २०७७/१२/१० मा बसेको गाउँ कार्यपालिकाले गरेको निर्णयमाथि आवश्यक छलफल गरी समीक्षा गरियो । |
| २. | द्वन्द प्रभावित परिवारलाई सहायता गर्ने सम्बन्धी कार्यविधि, २०७७ बमोजिम स्थानीय समिति गठन सम्बन्धमा । | द्वन्द प्रभावित परिवारलाई सहायता गर्ने सम्बन्धी कार्यविधि, २०७७ बमोजिम यस पालिकामा निम्न बमोजिमको स्थानीय समिति गठन गर्ने:<br>(क) कर्ण बहादुर मगर, गाउँपालिका अध्यक्ष - संयोजक<br>(ख) पदम माया तामाङ, गाउँपालिका उपाध्यक्ष - सह-संयोजक<br>(ग) विष्णु प्रसाद सुवेदी, प्रमुख प्रशासकीय अधिकृत - सदस्य<br>(घ) जीतेन्द्र गिरी, प्रशासन योजना शाखा प्रमुख - सदस्य<br>(ङ) इन्द्र बहादुर दुलाल, स्वास्थ्य शाखा प्रमुख - सदस्य<br>(च) कोपिला अम्गाईं, सामाजिक विकास शाखा प्रमुख - सदस्य-सचिव<br>साथै, द्वन्द प्रभावित परिवारहरुको लगत यही चैत्र मसान्त सम्म सङ्कलन गरी माथि उल्लेखित समितिबाट स्वीकृत गरी सम्बन्धित निकायमा पठाउने । |
| ३. | जिर्गा-चकमके-पालिका केन्द्र सडकको IEE र DPR सम्बन्धमा | १. जिर्गा-चकमके-पालिका केन्द्र सडक निर्माण गर्न निकट भविष्यमा संघ, प्रदेश र स्थानीय तहको साझेदारीमा बोलपत्र आव्हान गर्नुपर्ने भएकोले सो को लागि DPR गर्न आवश्यक रु.११,५०,००० /- (एघार लाख पचास हजार) र IEE गर्न ५,००,०००/- (पाँच लाख) समपूरक कोषबाट विनियोजन गर्ने ।<br>२. साथै, चकमके-माथिल्लो बजार-लाम्पनटार-अरुणठाकुर सडक डाइभर्सनको काम सम्पन्न भइसकेकोले उक्त योजनाको लागि प्राविधिक मूल्याङ्कन बमोजिमको रकम समपूरक कोषबाट भुक्तानी गर्ने ।<br>३. साथै, चकमके-बोर्क्सीटार सडकको लागि दुई वटा ह्युम पाइप खरिद गर्न समपूरक कोषबाट रु.३६,०००/- (छत्तिस हजार) विनियोजन गर्ने । |
| ४. | अपाङ्ग सम्बन्धी कार्यक्रम सन्चालन गर्ने सम्बन्धमा । | संघीय शसर्त बजेट अन्तर्गत अपाङ्ग सम्बन्धी कार्यक्रम सन्चालन गर्न १५ (पन्ध्र) दिनको सूचना आव्हान गर्ने । |
| ५. | कृषि समितिको निर्णय अनुमोदन गर्ने सम्बन्धमा । | कृषि तथा पशु सेवासँग सम्बन्धित कार्यक्रम सन्चालन गर्न मिति २०७७/१२/२४ मा बसेको कृषि समितिको बैठकको निर्णय अनुमोदन गर्ने । |

| | |
|---|---|
| ाजनाहरुको सम्झौता सम्बन्धमा । | आ.व.०७७/७८ मा सन्चालन भइरहेका वडास्तरीय, गाउँपालिका स्तरीय र प्रधानमन्त्री रोजगार कार्यक्रमका सम्झौता हुन बाँकी योजनाहरु मिति २०७७/१२/३१ भित्रमा सम्झौता गरिसक्न आवश्यक पहल गर्ने । |
| ार्थिक सहायता कार्यविधि र कृषि कार्यक्रम न्चालन कार्यविधि सम्बन्धमा । | आर्थिक सहायता कार्यविधि र कृषि कार्यक्रम सन्चालन कार्यविधि विधेयक समितिले मस्यौदा तयार गरी आगामी कार्यपालिका बैठकमा पेश गर्ने । |
| ूमि सम्बन्धी स्थानीय तह सहजीकरण मितिको सदस्य तोक्ने सम्बन्धमा । | भूमि सम्बन्धी समस्या समाधान आयोग स्थानीय तह सहजीकरण समितिमा संयोजकले मनोनयन गर्ने भूमि, आवास लगायतका क्षेत्रमा काम गरिरहेका संघसंस्था, संगठन वा नागरिक समाजका तर्फबाट निम्न बमोजिमको सदस्यहरु रहने :<br>१. टंकनाथ गौतम, वडा नं. १०<br>२. अनिषा पोखेल काफ्ले, वडा नं. २ |
| ोजना संशोधन सम्बन्धमा । | आगामी गाउँसभाबाट अनुमोदन हुने गरी वडा नं. ७ को वडास्तरीय योजनाहरु तपसिल बमोजिम संशोधन गर्ने :<br>१. सि.नं.३२ को "एकनी खोला आरुबोट पुछारटोल कुलो मर्मत रु.३,००,०००/- (तीन लाख)" योजना तपसिल बमोजिम संशोधन गर्ने:<br>(क) आरुबोट शिव मन्दिर मर्मत रु. १,००,०००/- (एक लाख)<br>(ख) काउले तल्लो बाटो मर्मत तथा लक्ष्मी गैरा देखि हरेडाँडा ट्रयाक निर्माण रु.२,००,०००/- (दुई लाख)<br>२. सि.नं.१३ को "कागतेडाँडा नर्सरी भञ्ज्याङ्ग हिराथुम्की सडक निर्माण योजनाको रु.५,००,०००/- (पाँच लाख)" योजना तपसिल बमोजिम संशोधन गर्ने:<br>(क) कार्यालय सहयोगी करार रु.१,१०,०००/- (एक लाख दश हजार)<br>(ख) इन्टरनेट व्यवस्थापन रु.१,००,०००/- (एक लाख) (यसअघिको पचास हजार समेत)<br>(ग) वेलभञ्ज्याङ्ग पल्लो सल्ले सडक निर्माण अपुग थप रु.१,००,०००/- (एक लाख)<br>(घ) कागते नर्सरी भञ्ज्याङ्ग गोरेटो बाटो मर्मत रु.६०,०००/- (साठी हजार)<br>(ङ) लच्का निर्माण रड सिमेन्ट खरिद रु.१,३०,०००/- (एक लाख तीस हजार)<br>३. सि.नं.२८ को "पल्लो कालीमाटी गरिबी निवारण समूह तरकारी खेति रु.१,००,०००/- (एक लाख)" योजनालाई "पल्लो कालीमाटी सिँचाई ट्याङ्की निर्माण निर्माण रु.१,००,०००/- (एक लाख)" संशोधन गर्ने । |